कृष्णपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय

गुलरिया, कञ्चनपर,

सुदुरपश्चिम प्रदेश, नेपाल

प.सं.२०७९/०८०
च.नं. २१८

मितिः२०७९/०५/२० गते

विषयःसहकारी संस्थाहरुलाई थोक कर्जा सम्वन्धी सुचना वारे।

श्री कृष्णपुर नगरपालिका क्षेत्र भित्र रहेका सहकारी संस्था हरु सवै ।

प्रस्तुत विषयमा सुदुरपश्चिम प्रदेश स्वरोजगार विकास कोष धनगढी कैलाली को मिति २०७९।०५।२० गतेको प्राप्त सुचनानुसार सहकारी संस्थाहरुका लागि थोक कर्जा लिई कोषको उद्देश्य अनुसार बेरोजगार व्यक्तिहरुलाई कोषले तोके बमोजिम व्यक्तिगत वा सामुहिक कर्जा प्रवाह गरि स्वरोजगार बनाउन मापदण्ड पुरा गरेका ईच्छुक सहकारी संस्थाहरुले तोकिएका कागजात सङ्लग्न राखी २०७९।०५।२९ गते बुधवार कार्यालय समय भित्र कर्जा माग प्रस्ताव फाराम पुर्णरुपमा भरी सुदुरपश्चिम प्रदेश स्वरोजगार विकास कोष धनगढी उपमहानगरपालिका-०५ हसनपुर,कैलालीमा पेश गर्न हुन यो सुचना प्रकाशित गरिएको छ ।ऐन,नियमावली,कर्जा कार्यविधी कोषको वेवसाईट www.sdf.sudurpaschchim.gov.np मा हेर्न तथा ०९१-५२०३५७ मा सम्पर्क गर्न सकिने व्यहोरा समेत अनुरोध छ ।

नोटःतोकिएका मापदण्डहरु सुदुरपश्चिम प्रदेश स्वरोजगार विकास कोष धनगढी,कैलाली को मिति २०७९/०५/१४ गतेको प्रकाशित सुचना अनुसार नै यसै सुचनामार्फत प्रकाशन गरिएको व्यहोरा जानकारी गराईन्छ ।

शिव सिह भण्डारी
प्रमुख प्रशासकीय अधिकृत

शिव सिंह भण्डारी
उप सचिव
प्रमुख प्रशासकीय अधिकृत

सुदूरपश्चिम प्रदेश सरकार
आर्थिक मामिला मन्त्रालय
सुदूरपश्चिम प्रदेश स्वरोजगार विकास कोष
धनगढी, कैलाली

कोषबाट थोक कर्जा लिई स्थानीय स्तरमा स्वरोजगार क्रियाकलाप स्थापना गराउन चाहने सहकारी संस्थाहरुलाई जरूरी सूचना
गोरखापत्रमा प्रकाशित मिति : २०७९/०४/३१

कोषबाट थोक कर्जा लिई कोषको उद्देश्य अनुसार बेरोजगार व्यक्तिहरुलाई कोषले तोकेबमोजिम व्यक्तिगत वा सामूहिक कर्जा प्रवाह गरी स्वरोजगार बनाउन देहायबमोजिम मापदण्ड पूरा गरेका ईच्छुक सहकारी संस्थाहरूले तोकिएका कागजात सङ्लग्न राखी २०७९/०५/२९ गते बुधबार कार्यालय समयभित्र कर्जा माग प्रस्ताव फाराम पूर्णरूपमा भरी सुदूरपश्चिम प्रदेश स्वरोजगार विकास कोष धनगढी उपमहानगरपालिका - ५, हसनपुर, कैलालीमा पेश गर्न सूचित गरिएकोछ।

१. कर्जा प्रस्ताव पेश गर्ने सहकारी संस्थाहरूले पूरा गर्नुपर्ने मापदण्डहरू :

(क) २०७९ आषाढ मसान्तसम्मको लेखा परीक्षण सम्पन्न भई संस्था सञ्चित नोक्सानीमा नरहेको हुनुपर्नेछ।

(ख) आ.व. २०७८/०७९ मा भाका नाघेको ऋण कूल ऋण लगानीको ५ प्रतिशतभन्दा बढी नभएको हुनुपर्नेछ।

(ग) सञ्चालक समिति, लेखा समिति र ऋण उपसमितिका सदस्य तथा पदाधिकारीहरू सहकारी संस्थाको कार्यक्षेत्रभित्र स्थायी बसोबास गरेको प्रमाण (नागरिकता प्रमाणपत्र, मतदाता परिचयपत्र वा जग्गाधनी प्रमाणपूर्जा) को प्रतिलिपि पेश गर्नुपर्नेछ, बँसाईसरी आएको हकमा स्थानीय पञ्जिकाधिकारीको सिफारिस पेश गर्नुपर्नेछ।

(घ) संस्थाले कार्यालय खोली नियमितरूपमा कार्यसञ्चालन गरेको हुनुपर्नेछ।

२. संस्थाको कार्यक्षेत्र, कारोबार वर्ष, सेयर पुँजी, बचत रकम र सदस्य संख्या आधारमा प्रति संस्था प्रति वर्ष अधिकतम कर्जा रकम सीमा :

क.सं.	जिल्ला	गाउँपालिका/नगरपालिका	कारोबार वर्ष (न्यूनतम)	सेयर पुँजी (लाखमा)	बचत रकम (लाखमा)	न्यूनतम सेयर सदस्य सङ्ख्या	प्रतिवर्ष अधिकतम कर्जा रकम सीमा
१.	दार्चुला, बझाङ्ग, बाजुरा	गाउँपालिका	२	२	४	५०	२० लाख
		नगरपालिका	३	४	८	१००	३० लाख
२.	बैतडी, डडेल्धुरा, डोटी, अछाम	गाउँपालिका	३	४	८	१००	३० लाख
		नगरपालिका	४	७.५	१५	२००	५० लाख
३.	कैलाली, कञ्चनपुर	गाउँपालिका	४	७.५	१५	२००	५० लाख
		नगर/उपमहानगरपालिका	५	१५	३०	३००	८० लाख

३. संस्थाले प्रमाणित गरी पेश गर्नुपर्ने कागजातहरू :

(क) माथि १ को (क) मा उल्लेख भए अनुसारको लेखापरीक्षण प्रतिवेदन (बासलात, नाफा-नोक्सान हिसाब, नगदप्रवाह विवरण, लेखानीति तथा टिप्पणी र सोको अनुसूचीहरू) लेखापरिक्षकको संस्था दर्ता, नबीकरण प्रमाणपत्र, कर चुक्ता र भ्याट/प्यान दर्ताको प्रतिलिपि पेश गर्नुपर्नेछ।

(ख) कोषको कर्जा प्रस्ताव फारम पूर्णरुपमा भरी प्रत्येक पानामा हस्ताक्षर गरी संस्थाको छाप लगाएको हुनुपर्नेछ।

(ग) बचत तथा ऋण र बहुउद्देश्यीय तथा रू. १ करोडभन्दा बढी कारोबार गर्ने सहकारी संस्थाहरूको हकमा आ.व. २०७७/०७८ र २०७८/०७९ को लामो फाराम (लङ्गफर्म) र पर्ल्स प्रतिवेदन पेश गर्नुपर्नेछ। अन्य प्रकृतिका सहकारी संस्थाको हकमा पर्ल्स नभएमा लेखापरिक्षकबाट कर्जा वर्गीकरण र भाका नाघेको/ननाघेको प्रमाणितपत्र सङ्लग्न गर्नुपर्नेछ।

(घ) सहकारी संस्थाले कार्यविधिको अनुसूची (६) को (२) बमोजिम कर्जा प्रवाह गरिने आफ्नो कार्यक्षेत्रमा स्थायी बसोबास गर्ने बेरोजगार सदस्यको नाम, ठेगाना, स्थानीय तहको सिफारिस र प्रस्तावित व्यवसाय एवं कर्जा रकम सम्बन्धी विवरण पेश गर्नुपर्नेछ।

(ङ) सहकारी संस्थाको सञ्चालक समिति, लेखा समिति र कर्जा उपसमितिका पदाधिकारी तथा सदस्यहरूको नागरिकता प्रमाणपत्रको प्रतिलिपि पेश गर्नुपर्नेछ। सञ्चालक समिति, लेखा समिति, कर्जा उपसमिति र व्यवस्थापकको नाममा रहेको जग्गाधनी प्रमाणपूर्जाको प्रतिलिपि एवम् उक्त जग्गाको चालु आर्थिक वर्षको तिरो तिरेको रसिदको प्रतिलिपि पेश गर्नुपर्नेछ, आफ्नो नाममा घरजग्गा नभएमा एकाघर परिवारको जग्गाधनी प्रमाणपूर्जाको प्रतिलिपि पेश गर्नुपर्नेछ।

(च) संस्थाको आफ्नै घर, जग्गा, कार्यालय भवन भएमा सोको प्रमाणपत्र वा नभएमा कार्यालय सञ्चालन भएको घरबहाल सम्झौतापत्रको प्रतिलिपि पेश गर्नुपर्नेछ।

(छ) संस्थादर्ता प्रमाणपत्र, स्थायी लेखा नम्बर, आ.व. २०७७/०७८ र आ.व. २०७८/०७९ को करचुक्ता प्रमाणपत्र पेश गर्नुपर्नेछ।

(ज) विनियमको प्रतिलिपि पेश गर्नुपर्नेछ, सोको उद्देश्य वा कार्यमा अन्य कोष, संघ तथा संस्थामार्फत कर्जा लिने/दिने व्यवस्था भएको हुनुपर्नेछ।

४. सहकारीका सञ्चालक समिति, लेखा समिति र कर्जा उपसमितिले निर्णय गरी पेश गर्नुपर्ने कागजातहरू :

(क) समितिका सदस्यहरूले स्वरोजगार कर्जा माग गर्ने निर्णय र आफ्नो कार्यक्षेत्रभित्र बसोबास गर्ने बेरोजगारहरूलाई स्वरोजगार बनाउने प्रतिबद्धता।

(ख) "कोषको रकम पूर्णरूपमा सदुपयोग गरी साँवा, ब्याज फिर्ता गर्न मञ्जुर गरी सो अनुसार कोषमा रकम दाखिला नगरेमा आफ्नो र एकाघर परिवारका सदस्यको नाममा भएको चल-अचल सम्पत्ति जायजेथाबाट असूल-उपर गरेमा मञ्जुर छ। कर्जा दुरूपयोग गरेमा वा समयमा कोषमा साँवा, ब्याज फिर्ता नगरेमा सञ्चालक समिति, लेखा समिति र कर्जा उपसमितिका पदाधिकारी तथा सदस्यहरूलाई नेपाल सरकारबाट दिने सुविधाबाट बञ्चित गर्ने, कालोसूचीमा राख्ने, सरकारी धन मासेसरह कारवाही गर्ने लगायतका प्रचलित कानुन बमोजिम कारवाही गरी प्रदेश सरकारको रकम असल गरेमा मञ्जर छ" भन्ने व्यहोराको सामुहिक प्रतिबद्धताको निर्णय र व्यक्तिगत मञ्जूरीनामा।

(ग) सहकारी संस्था एवम् सञ्चालक समिति, लेखा समिति र कर्जा उपसमितिका पदाधिकारी तथा सदस्यहरू कालोसूचीमा नपरेको व्यहोराको स्वःघोषणा।

(घ) सहकारी संस्थाले बैङ्क तथा वित्तीय संस्था वा अन्य कुनै संस्थाबाट कर्जा लिएको भएमा सम्बन्धित बैङ्क/संस्थाबाट साख सूचना लिई पेश गर्नुपर्नेछ, नलिएको भएमा सोको स्वःघोषणा गर्नुपर्नेछ।

(ङ) सुदूरपश्चिम प्रदेश स्वरोजगार विकास कोषको कर्जा लगानी, अनुगमन तथा असूली गर्नेबारे सहकारी संस्थाको सञ्चालक समितिको निर्णय वा समितिले पारित गरेको कर्जा लगानी, अनुगमन तथा असूली निर्देशिका।

५. प्रस्ताव मूल्याङ्कन, छनौट र कर्जा रकम :

(क) पेश भएका प्रस्तावहरू कोषको नियमअनुसार स्थलगत निरीक्षण गरी सिफारिस भएपछि कोषबाट आवश्यक मूल्याङ्कन गरी बुंदा २ अनुसारको सीमा सम्म कर्जा स्वीकृत गर्न सकिनेछ।

(ख) उपरोक्त अनुसार कर्जा प्रस्ताव फारम पूर्ण नभरिएका, मापदण्ड पूरा नगरेका, कागजात नपुगेका संस्थाहरूको कर्जा प्रस्ताव स्वतः रद्द भएको मानिनेछ।

(ग) कर्जा स्वीकृत गर्ने सम्बन्धी सम्पूर्ण अधिकार कोषमा निहित रहनेछ।

(घ) वैदेशिक रोजगारीमा बढी विदेश गएको क्षेत्र, दुर्गम क्षेत्र, कोषका लक्षित समूह बढी भएको क्षेत्र र जिल्लालाई प्राथमिकता दिइनेछ।

नोटः १. अन्य प्रकृतिका सहकारी संस्था भन्नाले कृषि, पशुपालन, माछापालन, मौरीपालन लगायतका विषयगत उत्पादन वा प्रशोधनमा सङ्लग्न सहकारी संस्थाहरूलाई सम्झनु पर्दछ।

२. कोषको कर्जा कार्यविधि सुदूरपश्चिम प्रदेश सरकारको मिति २०७९/०४/२६ को राजपत्रमा हेर्न सकिनेछ।

३. कोष ऐन २०७५, नियमावली २०७६, कोष कर्जा कार्यवाधि, २०७९ र कर्जा प्रस्ताव फारम कोषको कार्यालय धनगढी उपमहानगरपालिका - ५, हसनपुर, कैलाली बाट वा कोषको website www. sdf.sudurpashchim.gov.np मा हेर्न र कर्जा प्रस्ताव फाराम प्राप्त गर्न सकिनेछ।

४. थप जानकारी आवश्यक परेमा ०९१-५२०३५७/८ वा कोषको कार्यालयमा सम्पर्क राखन सकिनेछ।

कार्यकारी निर्देशक